# स्थानीय राजपत्र


**गोलन्जोर गाउँपालिका, ग्वालटार, सिन्धुलीद्वारा प्रकाशित**

| खण्ड १ | संख्या १ | मितिः २०७४/०३/२९ |
|---|---|---|


## भाग - १

### गोलन्जोर गाउँपालिका

गोलन्जोर गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्वत् २०७४ सालको ऐन संख्या १**

# गोलन्जोर गाउँपालिकाको आर्थिक ऐन २०७४

## गोलन्जोर गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन,

**प्रस्तावना**: गोलन्जोर गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गोलन्जोर गाउँपालिका गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “आर्थिक ऐन, २०७४” रहेको छ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि गोलन्जोर गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** गाउँपालिका/नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत)ः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः** गाउँपालिका/

५. **व्यवसाय करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन कर**: गाउँपालिका/नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन कर**: गाउँपालिका/नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ॥तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्क**: गाउँपालिका/नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्क**: गाउँपालिका/नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क**: गाउँपालिका/नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुर**: गाउँपालिका/नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **पर्यटन शुल्कः** गाउँपालिका/नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिका/नगरपालिकाले तोके अनुसार हुनेछ।

## अनुसूची-१

**कर दस्तुरको नामः सम्पत्ति कर**

| सि.नं. | कर दस्तुरको नाम | दर/रू. | आ.व. ०७४/७५ मा उठ्ने अनुमानित रकम |
|---|---|---|---|
| १. | सम्पत्ति स्रोत प्रमाणित | ०.०५५ | ५०००० |
| जम्मा | | | ५०००० |

## अनुसूची-२

**कर दस्तुरको नामः भूमि कर**

| सि. नं. | कर दस्तुरको नाम | दर/रू. | आ.व. ०७४/७५ मा उठ्ने अनुमानित रकम |
|---|---|---|---|
| १. | खेत प्रतिरोपनी सिफारिस | १० | ३५००० |
| २. | बारी प्रतिरोपनी | ५ | १५००० |
| ३. | जग्गाधनी प्रमाणपूर्जा वा नक्सापास पक्की प्रति स्क्वायर फिट रु.२ देखि ४ रुपैयाँ | | १००००० |
| ४. | पक्की घर र नक्सा पास पिल्लर भएको प्रति स्क्वायर फिट रू.३ देखि ७ रुपैयाँ | | १५०००० |
| जम्मा | | | ३००००० |

## अनुसूची-३

**कर दस्तुरको नामः घरबहाल कर**

| सि. नं. | कर दस्तुरको नाम | दर रू. | आ.व. ०७४/७५ मा उठ्ने अनुमानित रकम |
|---|---|---|---|
| १. | घरबहाल कर (कम्पनी संघसंस्था भाडामा भए | ५०० | १०००० |
| २. | हाटबजार कर वडा नं. ३ को वार्षिक | | १५००० |
| ३. | हाटबजार कर वडा नं.५ को वार्षिक | | १२००० |
| ४. | हाटबजार कर वडा नं.७ को वार्षिक | | |
| जम्मा | | | ५७००० |

अनुसूची-४

**कर दस्तुरको नामः व्यवसाय कर**

| सि. नं. | कर दस्तुरको नाम | दर/रू. | आ.व. ०७४/७५ मा उठ्ने अनुमानित रकम |
|---|---|---|---|
| १. | होटल व्यवसाय, वार्षिक | २००० | १००००० |
| २. | होटल र गेष्टहाउस, मासिक | १००० | १५०००० |
| ३. | ग्रिलउद्योग मासिक | ३०० | ५०००० |
| ४. | हार्डवेयर पसल, मासिक ठूलो मासिक रु.५०० र सानो रु.२५० | | ५०००० |
| ५. | उद्योग ठूलो दर्ता | ७००० | १०००० |
| ६. | उद्योग मझौला दर्ता | ५००० | ० |
| ७. | उद्योग सानो नविकरण | २०० | ० |
| ८. | उद्योग मझौला नविकरण | ३०० | ० |
| ९. | उद्योग ठूलो नविकरण | ५०० | ० |
| १०. | उद्योग सानो दर्ता | २००० | ० |
| ११. | मोटरसाईकल वर्कसप, मासिक | १००० | ४०००० |
| १२. | क्रसर उद्योग दर्ता | १५००० | ५००० |
| १३. | क्रसर उद्योग सञ्चालन, मासिक | २५००० | ५०००० |
| १४. | पेट्रोलपम्प सञ्चालन, मासिक | १००० | २०००० |
| १५. | मदिरा उद्योग दर्ता | २००० | २०००० |
| १६. | मदिरा बिक्रिवितरण मासिक | ५००० | २५००० |
| १७. | संघसंस्था उद्योगदर्ता सिफारिस | २५०० | २०००० |
| १८. | साना खुद्रापसल मासिक | १०० | ३०००० |
| १९. | कपडा पसल मासिक | ५०० | ३०००० |
| २०. | साखु काठ निकासी | २००० | ५०००० |

| | | | |
|---|---|---|---|
| २१. | कुकाठ निकासी | १५०० | ४०००० |
| २२. | संघसंस्था उद्योग दर्ता सिफारिस | १००० | १०००० |
| २३. | इलेक्ट्रिसियन पसल मासिक | १००० | ३०००० |
| २४. | प्लाई फ्याक्ट्री दर्ता | १५००० | १०००० |
| २५. | फर्निचर उद्योग दर्ता | ५००० | ५०००० |
| २६. | फर्निचर सप्लाई, मासिक मूल्यको १ प्रतिशत | | २०००० |
| २७. | उद्योग ठाउँसारी | २५०० | १०००० |
| २८. | फर्निचर उद्योग नविकरण, वार्षिक | २०० | |
| २९. | ढुंगा, गिटी, बालुवा ढुवानी गर्ने प्रति ट्र्याक्टर, मासिक | ४००० | २५०००० |
| ३०. | ढुंगा, गिटी, बालुवा टुवानी गर्ने ठूलो गाडि, मासिक | ५००० | ५०००० |
| ३१. | निजी विद्यालय पूर्व प्राथमिक दर्ता ५०००, प्राथमिक ७०००, माध्यमिक १०००० | | |
| ३२. | निजी विद्यालय पूर्व प्राथमिक नविकरण वार्षिक १०००, प्राथमिक १५००, माध्यमिक २००० | | |
| ३३. | निर्माण व्यवसाय कर प्रति घर ठेक्काको ६० | | |
| जम्मा | | | ११२०००० |

अनुसूची-५

कर दस्तुरको नामः जडिबुटी कवाडी र जीवजन्तु कर

| सि. नं. | **कर दस्तुरको नाम** | **दर/रू.** | **आ.व. ०७४/७५ मा उठ्ने अनुमानित रकम** |
|---|---|---|---|
| १. | खयर निकासी जडिबुटी (८ टनको) | १०००० | ५०००० |
| २. | सल्लाको खोटो प्रति टिन | १००० | २०००० |
| ३. | फलफूल निकासी प्रति के.जी. | १ | ५००० |
| ४. | चौपाया निकासी भैंसी, गोरु र बाख्रा निकासी | १००×५०×१० | ५००० |
| जम्मा | | | ८०००० |

अनुसूची-६

कर दस्तुरको नामः सवारीसाधन कर

| सि.नं. | **कर दस्तुरको नाम** | **दर/रू.** | **आ.व. ०७४/७५ मा उठ्ने अनुमानित रकम** |
|---|---|---|---|
| १. | ठूला गाडी ग्यारेज प्रति महिना | १५०० | ३०००० |
| २. | | जम्मा | ३०००० |

अनुसूची-७

कर दस्तुरको नामः विज्ञापन कर

| सि. नं. | **कर दस्तुरको नाम** | **दर/रू.** | **आ.व. ०७४/७५ मा उठ्ने अनुमानित रकम** |
|---|---|---|---|
| १. | वाल पेन्टिङ्ग प्रति स्क्वायर फिट रु. १०० | १५०० | ३०००० |
| २. | होडिङ्ग बोर्ड प्रति स्क्वायर फिट रु. ५०० | | ३०००० |

अनुसूची-८

**कर दस्तुरको नामः मनोरञ्जन कर**

| सि. नं. | कर दस्तुरको नाम | दर रू. | आ.व. ०७४/७५ मा उठ्ने अनुमानित रकम |
|---|---|---|---|
| १. | मनोरञ्जन कर नभएको | ० | |

अनुसूची-९

**कर दस्तुरको नामः बहाल विटौरी शुल्क**

| सि. नं. | कर दस्तुरको नाम | दर रू. | आ.व. ०७४/७५ मा उठ्ने अनुमानित रकम |
|---|---|---|---|
| १. | बहाल बिटौरी शुल्क नभएको | ० | |

अनुसूची-१०

**कर दस्तुरको नामः पार्किङ्ग शुल्क**

| सि. नं. | कर दस्तुरको नाम | दर रू. | आ.व. ०७४/७५ मा उठ्ने अनुमानित रकम |
|---|---|---|---|
| १. | पार्किङ्ग शुल्क मोटर साइकल प्रति घण्टा रु.५, सानो सवारी साधन कार, जिप र भेन रु.१५ र ठूला सवारी साधन बस, ट्रक रु.२५ | | |

## अनुसूची-११

**कर दस्तुरको नामः ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ज्याफ्टिङ शुल्क**

| सि. नं. | कर दस्तुरको नाम | दर रू. | आ.व. ०७४/७५ मा उठ्ने अनुमानित रकम |
|---|---|---|---|
| १. | ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ज्याफ्टिङ शुल्क नभएको | | |

## अनुसूची-१२

**कर दस्तुरको नामः सेवा, शुल्क, दस्तुर र अन्य सिफारिस दस्तुर**

| सि. नं. | कर दस्तुरको नाम | दर रू. | आ.व. ०७४/७५ मा उठ्ने अनुमानित रकम |
|---|---|---|---|
| १. | नामसारी सिफारिस मुचुल्का | ४०० | १०००० |
| २. | नाता प्रमाणित सिफारिस नेपाली | ५० | ५००० |
| ३. | नाता प्रमाणित सिफारिस अंग्रेजी | २०० | ५००० |
| ४. | चौहदी (चारकिल्ला) प्रमाणित बैंकिङ प्रयोजनका लागि रु. ५०० र अन्य रु. ३०० | | १०००० |
| ५. | अविवाहित प्रमाणित, अंग्रेजी | १००० | १०००० |
| ६. | रकम कलम उठाइदिएको उठेको रकमको ५ प्रतिशत | | |
| ७. | सामान्य सिफारिस रु. ५० | | |
| ८. | अन्य प्रतिलिपि रु.१०० | | ० |
| ९. | पेशा प्रमाणित अंग्रेजी रु.५०० | | ० |
| १०. | पेशा प्रमाणित नेपाली रु.१०० | | |
| ११. | व्यक्तिगत घटना दर्ता रु.५० | | |

| | | | |
|---|---|---|---|
| १२. | प्रतिलिपि नागरिकता सिफारिस रु.२०० | | |
| १३. | घर कायम सिफारिस रु.५०० | | |
| १४. | घरबाटो सिफारिस विपी र मध्यपहाडी ५०० अन्य रु.२०० | | |
| १५. | अपुताली धन सिफारिस | १००० | ५००० |
| | | जम्मा | ४५००० |

अनुसूची-१३

**कर दस्तुरको नामः पर्यटन शुल्क**

| सि. नं. | **कर दस्तुरको नाम** | **दर रू.** | **आ.व. ०७४/७५ मा उठ्ने अनुमानित रकम** |
|---|---|---|---|
| १. | भ्यु टावर प्रवेश शुल्क स्थानीय ५० अन्य नेपालीलाई १०० र विदेशीलाई रु.२०० | | ० |
| २. | जादु सर्कस पटक | १००० | ० |
| ३. | साइकल स्थानीय ५०, अन्य १०० र विदेशी रु.५०० | | |
| ४. | ऱ्याफ्टिङ पटक स्थानीय १००, अन्य नेपाली २०० विदेशी रु.५०० | | |
| ५. | स्थानीय रेडियो दर्ता रु.५००० | | |
| ६. | स्थानीय रेडियो नविकरण वार्षिक रु.१००० | | |
| ७. | निजी एफ.एम रेडियो दर्ता रु.२००० | | |
| ८. | निजी एफ.एम रेडियो नविकरण स्थानीय ३०० र अन्यलाई रु.५०० | | |

| | | | |
|---|---|---|---|
| ९. | पर्यटन क्षेत्र प्रवेश शुल्क स्थानीय रु.१०, अन्य नेपाली २० र विदेशी रु.५० | ० | |
| १०. | सहकारी दर्ता रु.२५०० | | |
| ११. | सहकारी नविकरण वार्षिक रु.५०० | | |
| १२. | सहकारी कारोवार अनुसार नविकरण वार्षिक १ प्रतिशत थप हुँदै जाने | | |
| १३. | पत्रपत्रिका दर्ता रु.१००० | | |
| १४. | पत्रपत्रिका नविकरण रु.२०० | | |
| १५. | केवल टि.भि. दर्ता रु.३०००० | | |
| १६. | केवल टि.भि. नविकरण रु.५००० | | |
| | | जम्मा | १८७००० |

**प्रमाणीकरण मितिः २०७४।०३।२९**

**आज्ञाले,**
**टंक नाथ घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**